Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक १४ २०७६ कार्तिक १० गते आईतवार Sunday 27, OCT, 2019 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कोशी अस्पतालको बाहिरी सफाई त भयो आन्तरिक समाफईमा कठीनाई

विराटनगर । प्रदेश नं. १ विराटनगर महानगर पालिकामा एक मात्र सरकारी कोशी अस्पतालको बाहिरी सरसफाईले अस्पतालको मुहार फेरीएको छ ।

अस्पतालका मेडिकल सुपरिटेण्ट डा. रोशन पोखरेल भएको वेला अस्पतालको वाहिरी तथा भित्री कोठाहरु र शौचालयहरु सरसफाई नभएकै कारण दुर्घन्धीत बनेका थिए भने आन्तरीक रुपमा कर्मचारी भर्ना केन्द्र नै वनाएको कारण अस्पतालको अवस्था चिन्ता जनक रहेको थियो । अस्पतालमा कार्यालय सहयोगी भनेर भर्ना गराएकै जनशक्तिवाट विरामीको समेत उपचार गराई रहेको थियो । उक्त कार्यालय सहयोगीहरु अहिले सम्म पनि विरामीको उपचारमा संलग्न रहको स्रोतको वादी छ ।



सरसफाई पछि देखिएको कोशी अस्पताल

काठमाण्डौवाट सरुवा भई कोशी अस्पतालमा आएका मेडिकल सुपरिटेण्ट डा. गुणराज लोहनीले अस्पतालको वाहिरी फोहर देखेर सवभन्दा पहिले अस्पतालमा रहेको फोहरलाई व्यवस्थापन गर्ने लक्ष्य लिई अस्पतालको सरसफाई शुरु गरे जसको परिणाम अहिले अस्पतालको भित्री र वाहिरी दुवै सरसफाई भई सकेको छ । अस्पतालको सरसफाई भएकै कारण विरामीका भिडभाड पनि बढेको छ ।

अस्पतालको सरसफाई कसरी सम्भव भयो प्रश्नमा डा. गुणराज लोहनीले भने अस्पतालको सरसफाई गर्नको लागि १ सय जति कर्मचारी भएता पनि इच्छा शक्तिको कमीका कारण अस्पताल फोहर थियो । ती कर्मचारीलाई तदारुकताका साथ

वांकी अन्तिम पेजमा...

## भारतबाट आयतीत पटका जन्य पदार्थ बरामद गरी नष्ट

विराटनगर । दशै, तिहार र छठ पर्वको वेला भारतवाट नेपाल भित्रिदै गरेका पटाकाजन्य पदार्थहरु प्रहरीले बरामद गरेको छ ।

बरामद गरीएको पटाकाजन्य पदार्थहरुमा जिल्ला मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं. १ हरैचा चौक स्थितमा ईप्रका हरैचाबाट खटिएको प्रहरी टोलीले चेक जाँच गर्ने क्रममा ना ३ ख ५४४७ नं.को बसमा लुकाई छिपाई ल्याएको ४१ थान (प्याकेट) नागिन पटका फेला पारिएको थियो भने जिल्ला मोरङ रतुवामाई न.पा.२ मुस्लिम बस्तीमा सिमा प्रहरी चौकी डोरीयाबाट खटिएको गस्ती टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट अबैध रुपमा बोरामा राखी ल्याउदै गरेको किङकोब्रा नागीन नामक ६ बण्डल, चक्करी डिलक्स १३ बण्डल, फ्लावर डिलक्स ३ बण्डल गरी अन्दाजी मुल्य १२ हजार ५ सय बराबरको पटका बरामद गरेको छ ।

त्यसैगरी ईलाका प्रहरी कार्यालय बुधनगरबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ जहदा १ तारिगामा चौक स्थितमा चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ झोलामा बोकी ल्याउदै गरेको नागिन पड्का, कोब्रा पड्का, चकलेट बम, फुलझरी अन्य बिभिन्न किसिममा पड्काहरु गरि अन्दाजी मुल्य २० हजार बराबरको पटकाजन्य पदार्थ फेला पारी नियन्त्रणमा लिएको थियो । जिल्ला मोरङ रंगेली नगर पालिका वडा नं. ४ बेतौना भन्दा दक्षिण चिसाङ खोलाको बाटो हुदै भारत बाट अबैध रुपमा नेपाल तर्फ पैदल ल्याउदै गरेको ४ बोरा ५२ बण्डल नागिन पटका अंन्दाजी मुल्य २ लाख २० हजार बराबरको पटका जन्य पदार्थ फेला पारिएका थियो ।

रंगेली नगर पालिका वडा नं. ४ चोप्राह स्थितमा भारत बाट अबैध रुपमा नेपाल तर्फ पैदल ल्याउदै गरेको झिरझरे पटका १० बन्डल, फुलझरी पटका ६ बन्डल गरी अन्दाजी मुल्य ४ हजार बराबरको पटका इप्रका रंगेली बाट खटिएको प्रहरी टोलीले बरामद गरेको थियो । त्यसै गरी र इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ बिराटनगर महानगर पालिका वडा नं. १५ र १६ न. वडाका बिभिन्न स्थानमा चेकजाँच गर्ने क्रममा भारतबाट नेपाल तर्फ लुकाई छिपाई ल्याएको नागिन पड्का, कोब्रा पड्का, चकलेट बम, फुलझरी अन्य बिभिन्न किसिममा पड्काहरु गरि अन्दाजी मुल्य १० हजार बराबरको पटकाजन्य पदार्थ फेला पारी नियन्त्रणमा लिएको थियो ।

वांकी अन्तिम पेजमा...

## कानूनी दायरामा ल्याउने निर्णय

विराटनगर । नेपालीहरुको दोस्रो महान चाड पर्व तिहारको समयमा अवाञ्चि क्रिया कलाप गर्ने जो काहीलाई पनि कानूनी दायरामा ल्याउने भएको छ ।

त्यसैगरी तिहारको उपलक्ष्यमा खेलिने देउसी भैलो जस्ता मनोरञ्जनात्मक क्रियाकलापहरु राती दश बजे सम्म मात्र संचालन गर्ने दिने त्यसभन्दा पढी समयसम्म देउसी भैलो खेलेमा तिनीहरुलाई पनि कानुनी दायरामा ल्याउने भएको छ ।

त्यसैगरी चाडपर्वको बेला जुवाजन्य कृयाकलाप गर्ने तथा मदिरा सेवन गरी शान्ति सुरक्षामा खलल पुर्याउने जो कोहीलाई कानूनको दायरामा ल्याउने भएको छ । साथै, दिपावली मनाउने क्रममा पटाका र आतिशवाजी जस्ता विष्फोटक पदार्थको प्रयोगबाट स्वास्थ्य तथा सुरक्षामा पनि असर पर्न जाने, चोटपटक लाग्ने तथा आगलागी भई धनजनको क्षति हुन सक्ने भएकोले त्यस्ता विष्फोटक तथा प्रज्वलनशील पदार्थहरुको उत्पादन, आयात, निर्यात, खरिद, विक्रि वितरण, ओसार पसारमा पुर्ण रुपमा

वांकी अन्तिम पेजमा...

## बढईको शुभकामना अदान–प्रदान

विराटनगर । नेपाल बढई कल्याण समाज केन्द्रिय समितिले विराटनगरमा दशै, तिहार र छठ पर्वको उपलक्ष्यमा बुधवार शुभकामना अदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

समाजको प्रमुख अतिथी समाजका पूर्व महामन्त्री श्यामनन्दन शर्मा, विशेष अतिथी अधिवक्ता रामलाल सुतिहार, संजु शर्मा र समाजका केन्द्रिय अध्यक्ष बासुदेश ठाकुर समेतले भगवान बाबा विश्वकर्माको फोटोमा अविर लगाएर शुभारम्भ गरेका थिए ।

सो अवसरमा प्रमुख अतिथी शर्माले भने बढई जातिको संख्या नेपालको तराई मधेशमा रहेको छ त्यसमा पनि न्यून रहेकोले राज्यले वेवाता गरेको बताए । आफ्नो जातिको तथ्यांक राज्यलाई देखाउन सम्पूण बढई जाति एक ढिक्का भएर लाग्न पर्ने वताए ।

त्यसैगरी अधिवक्त रामलाल सुतिहारले समाजका व्यक्तिहरु धनी छन् तर शैक्षिक र राजनैतिक रुपमा कम्जोर भएकोले राज्यवाट पाउने सेवा सुविधावाट बन्चित रहेको छ । समाजलाई अझ शसक्त र मजबुत वनाउनको लागि छोरा-छोरीलाई वढाउनु पर्ने र राजनीतिक उन्मुख भई प्रशासनिक क्षेत्रमा पनि पकड बढाउनु अनि मात्र राज्यवाट अधिकार पाउने वहांका भनाई थियो ।

वांकी अन्तिम पेजमा...

## पशु क्वारेन्टाईन कार्यालय विराटनगरको अनुरोध

- कतै तपाईले पशु पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री वाह्य मुलुकवाट पैठारी गर्दे हुनुहुन्छ ?
- के तपाईले नाकामा रहेको पशु क्वारेन्टाईन चेक पोष्टमा त्यस्तो सामग्री परीक्षण गराई क्वारेन्टाईन प्रमाण पत्र लिनु भयो ?
- ध्यान दिनु होस पशु र पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री वह्य मुलुकवाट पैठारी गर्दा नाकामा रहेका पशु क्वारेन्टाईन चेक पोष्ठमा परिक्षण गराई क्वारेन्टाईन प्रमाण पत्र लिएर मात्र पैठारी गर्न सकिनेछ ।
- त्यसो नगरेमा त्यस्तो सामग्री फिर्ता पठाउन लिलाम गर्न, नष्ट गर्न सकिने तथा त्यस्तो कार्य गर्ने व्यक्तिलाई रु ५० हजार सम्म जरिवाना हुन सक्छ ।

खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौं ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## कोशी...

काममा मात्र लागएको हो अस्पताल सफाई भई सकेको छ। अव केही आन्तरी मानवीय जनशक्तिको व्यवस्थापन गर्न वांकी छ। त्यसको लागि लागी परेको छु। कार्यालय सहयोगीमा नियुक्त भई विरामीको उपचार गरी रहेका स्वीकार गर्दै भने कर्मचारीहरु जुन पदको लागि नियुक्ति लिएको हो सोही काम गर्नु पर्छ अन्यथा जागिर छोड्नु पर्छ कार्यालय सहयोगीको नियुक्ति लिएर विरामी उपचार गर्न पाईदैन वहांको भनाई छ। डाक्टरहरु पनि ६ दर्जन भन्दा पढि छ तर त्यो अनुसारको काम छैन। ती डाक्टरहरु पनि अस्पताल प्रति उत्तर दायी छैन। आन्तरीक व्यवस्थापन तिर लागि रहेको छु वहांको भनाई छ।

अस्पतालको जनशक्ति सुधारको लागि अहिले अस्पतालले १ दर्जन जति स्पटफ नर्स र कही ल्याव टेक्निसियनहरुको करार भर्ना खुलाएको छ। त्यो भर्ना प्रक्रिया कतिको पार्दशी हुन्छ वा पुरानै ढरामा चल्छ। त्यसैवाट डा. डाक्टर लोहनीको पनि परिक्षण हुने एक कर्मचारीले वताए।

अस्पतालको मानवीय जनशक्ति राजनीतिक दवाव र सोर्स-फोर्सको आधारमा आएको हुनाले अस्पतालको काममा वढी ढीला सुस्ती भएको हो। जसरी डाक्टर लोहनीले वाहिरको वातावरणलाई सरसफाई गरेको हो त्यसरी नै आन्तरिक जनशक्ति भर्नामा पार्दशी र अस्पतालको जनशक्तिलाई अस्पताल प्रति उत्तर दायी वनाउन सफल भएमा अस्पतालको अवस्था अझ सुधार हुने स्रोतका दावी छ।

## भारतबाट...

धनपालथान गाउँ पालिका २ ठनठनिया स्थितमा भारतबाट अबैध रुपमा नेपाल तर्फ पदैल यात्रीले झोलामा राखी ल्याउदै गरेको नागीन पटका २५ प्याकेट, झिरझिरे १० प्याकेट, रकेट बम २ प्याकेट, आलु बम २ प्याकेट, चक्लेट बम १ प्याकेट गरी जम्मा अमरु २५ सय बराबरको पटका बरामद गरेको थियो भने बिराटनगर महानगर पालिका १५ र १६ न. वडाका बिभिन्न स्थानमा चेकजाँच गर्ने क्रममा भारतबाट नेपाल तर्फ लुकाई छिपाई ल्याएको बिभिन्न किसिममा बिस हजार बराबरको पटका मोरङ जहदा गापा ६ पोखरिया बोडर स्थितमा भारत बाट अबैध रुपमा नेपाल तर्फ पैदल ल्याउदै गरेको झिरझिरे २२ प्याकेट, फुलझरी ३ बन्डल, फुल चक्र ३ बन्डल, आलु बम २ बन्डल, चकलेट बम ७ बन्डल, रकेट बम १ बन्डल गरी अन्दजी मुल्य २५ हजार बराबरको पटकाजन्य पदार्थ विभिन्न ईकाईबाट खटिएको प्रहरी टोलीले फेला पारी बरामद गरेको थियो।

मोरङ रंगेली नगर पालिका ४ चोप्राह स्थितमा भारत बाट अबैध रुपमा नेपाल तर्फ पैदल ल्याउदै गरेको झिरझरे पटका १० बन्डल, फुलझरी पटका ६ बन्डल गरी अन्दाजी मुल्य ४ हजार बराबरको पटका इलाका प्रहरीका रंगेली बाट खटिएको प्रहरी टोलीले बरामद गरेको थियो। त्यसैगरी इलाका प्रहरी कार्यालय रानीबाट खटिईएको प्रहरी टोलीले जिल्ला मोरङ बिराटनगर महानगर पालिका वडा नं. १५ र १६ न. वडाका बिभिन्न स्थानमा चेकजााच गर्ने क्रममा भारतबाट नेपाल तर्फ लुकाई छिपाई ल्याएको नागिन पड्का, कोब्रा पड्का, चकलेट बम, फुलझरी अन्य बिभिन्न किसिममा पड्काहरु गरि अन्दाजी मुल्य १० हजार बराबरको पटकाहरु बरामद गरेको थियो ती सवै पटाका जन्य पदार्थलाई नष्ट गरीएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ।

## कानूनी...

रोक लगाउने भएको छ।

चाडपर्वमा हुन सक्ने महंगी, कालो बजारी, अखाद्य पदार्थ, म्याद सकिएका पदार्थको भण्डारण, विक्रि वितरणलाई प्रभावकारी रुपमा अनुगमन, नियमन र नियन्त्रण गर्ने कार्यलाई सम्बन्धित स्थानीय र निकाय मार्फत प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय सुरक्षा समितिले गरेको छ।

## बढई...

सोही अवसरमा समाजका उपाध्यक्ष संजु शर्माले बढई समाजमा महिलाहरु घरवाट ननिस्कने, छोरीलाई नपढाउने, जस्ता कारणले समाज पछाडि परिएको छ। समाजलाई अगाडी वढाउनको लागि महिलालाई पनि शिक्षा दिनुपर्ने, छोरीलाई पनि छोरा सरह शिक्षा दिक्षा दिनु पर्ने वताए।

शुभकामना अदान प्रदानकै अवसरमा त्रिपित शर्मा, विजय शर्मा, पुनम शर्मा, शंकर शर्मा, टुनटुन शर्मा लगायतले शुभकामना मन्तव्य दिएका थिए। शुभकामना आदान प्रदान कार्यक्रममा मनोरंजनको लागि कलाकार वैजनाथ ठाकुर, पुनम शर्मा र सुजिता चौधरीले आफ्नो प्रस्तुति दिएका थिए।

उक्त शुभकामना आदान प्रदान कार्यक्रम समाजको अध्यक्ष बासुदेव ठाकुरको अध्यक्षतामा सम्पन्न भएकोथियो।

# बेवारिसे विरामीको डाक्टर शर्मा द्वारा उद्धार



बिराटनगर। नोबेल शिक्षण अस्पतालका सञ्चालक डा.सुनिल शर्माले अत्यन्तै दर्दनाक अवस्थाको बेवारिसे बेहोस बिरामीलाई सिरहाको लहानबाट उद्धार गरेको छ।

लहान नगरपालिका-३ मा बेवारिसे अवस्थामा रहेका बिरामीलाई डा.शर्माले उद्धार गरेर नोबल अस्पताल ल्याई आईसियूमा राखेर नि:शुल्क उपचार गराईरहेका छन्।

लहान अस्पताल नजिक भेटिएका करिव ४० बर्षीय वेवारिसे पुरुषको अवस्था अत्यन्तै दर्दनाक थियो। उनको दाहिने खुट्टाको हड्डी पूर्ण रुपमा भाँचिएर घुँडा भन्दा मुनीको भाग छालाको भरमा मात्र झुण्डिएको छ। भाँचिएको खुट्टाको उपचार नपाउँदा घाउमा किरा परेर दुर्गन्ध फैलनुका साथै झिंगाले घेरेको थियो। धेरै दिनदेखि भुँईमा लडिरहेका उनको अवस्था अत्यन्तै दर्दनाक थियो। उठ्न र बोल्नसमेत नसक्ने अवस्थामा रहेका उनलाई उद्धार गरेर नोबेल ल्याईएको छ।

लहान अस्पतालमा कार्यरत डा.बृजेन्द्र कुमार शाहले बेवारिसे बिरामीको अवस्था डा.सुनिल शर्मालाई जानकारी गराएर उनको उद्धारमा सहयोग गरेका थिए। गंभीर अवस्थामा रहका उनलाई लहान अस्पतालमा प्राथमिक उपचार गरी थप उपचारका लागि नोबेल ल्याईएको हो। डा.सनिल शर्मा यस्ता धेरै बिरामीलाई सहयोग गर्दै आएको थाहा पाएकाले उहाँलाई जानकारी गराए। डा.शाहले भने 'उहाँले तत्काल चासो देखाएर वेवारिसे बिरामीलाई उपचारको वातावरण मिलाईदिनु भयो।'

डा.सुनिल शर्माले आपत र अलपत्र अवस्थामा परेका व्यक्तिलाई सहयोग गर्नु मानवीय कर्तव्य भएकाले सहयोग गरेको प्रतिक्रिया दिएका छन्। उद्धार गरेर ल्याईएका बिरामीलाई नोबेल अस्पतालको भेन्टिलेटरमा राखिएको छ। चिकित्सकहरुका अनुसार उनको अवस्था गंभीर छ। समाजसेवामा सक्रिय डा. शर्माले यसअघि पनि यस्ता धेरै बिरामीलाई उद्धार गरिसकेका छन्।

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- सार्वजनिक स्थलमा जतातत्तै फोहरमैला नफालौं।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं।

**रंगेली नगर पालिकाको कार्यालय**
**रंगेली मोरंग, प्रदेश नं.१**



बढई जातिमा पर्ने शर्मा, सुतिहार, मिस्त्री, कर्मकार, ठाकुर, कमार, बड्हीहरुको संगठन नेपाल बढई कल्याण समाज केन्द्रिय कार्यसमितिले दशै, तिहार र छठ पर्वको शुभ उपलक्ष्यमा कार्तिक ६ गते बुधवारका दिन मनाएको शुभकामना अदान-प्रदान कार्यक्रम सम्पन्न भएपछि सामूहिक तस्वीरमा

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा मलाया रोड विराटनगरमा यही मिति २०७६ साल बैखाख २८ गते देखि **दिव्य ज्योती अस्पताल प्रा.लि.** संचालन ल्याएको सहर्ष जानकारी गराउदछौ।

**हाम्रो सेवाहरु**

२४ सैं घण्टा ईमरजेन्सी सेवा, दैनिक ओ.पी.डी. सेवा, फिजिसियन सेवा, स्त्री रोग तथा प्रसुति सम्वन्धी ओपीडी सेवा, नव जात शिशु तथा बाल रोग सम्वन्धी सेवा, आँखा जाँच तथा अप्रेसन सेवा, हाडजोर्नी तथा नशा रोग सेवा, मेगौला प्रोस्टेट, मुत्रनली, मुत्रथैली र मुत्ररोग सम्वन्धी विशेषज्ञ सेवा, नाक कान घाँटी सेवा, दाँत मुख सम्वन्धी सेवा, ई.सी.जी. सेवा, डिजिटल एक्स-रे अल्ट्रासाउन्ड (USG), कम्प्यूटर स्व्चालित ल्याव, फार्मेसी।

सम्पर्क
मलाया रोड, विराटनगर, मोरङ्ग फोन नं. ०२१-४७००५०/४७००८५




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## सम्पादकीय

### आसुरी शक्तिको पराजय नै मानव जातिको उत्सव

मानव समाज उत्पतिकाल देखि नै विकासको रुप लिदै गएको छ । जंगलमा खुला जीवन विताउन मानव जाति अहिले आधुनिक युग सम्म आई पुग्दा ठूला-ठूला महलमा बस्न थालेका छन् भने रुख विरुवाको पातले जीउलाई ढाक्ने मानव अहिले करोडौ मूल्य पर्ने लुगाले जीउ ढाकी रहेका छन् । मानव सभ्यता दिन दिनै विकसित रुपम लिदै गई रहेको छ । मानव जातिले मनाउने चाड पर्वहरु उत्सवको रुपमा मनाउने गरिन्छ । हामी नेपालीहरु पनि वर्ष भरिमा दर्जनौ पर्व र उत्सवहरु मनाउने गर्दछौ । ती उत्सवहरु किन मनाउछौ भने हाम्रा पूर्खाहरुले अथवा देव र दानव बीच भएको सर्घषमा दानवहरुको पराजय र देवहरुको विजय भएको दिनहरुलाई नै हामीहरु पर्वको रुपमा मनाउने गर्दछौ । ती पर्व उत्सवहरुले पनि हामीलाई एउटा संदेश दिन्छ कि हामी पनि सही वाटोमा हिन्नु पर्दछ । सही मार्ग दिशाले नै समाजमा परिपवर्तन भई रहेको छ समाजलाई सभ्य वनाउनु छ भने समाजवाट असुरी शक्ति अर्थात समाजमा अहिलेको अवस्थमा भई रहेका भ्रष्टाचार, बालात्कार, चोरी डकैती, ठगीलाई समाजवाट हटाउन आवश्यक छ ।

हामी नेपालीहरु दश दिन सम्म पुजापाठगरी भरखरै मनाएको विजिया दशमी पर्व मनाउने खास कारण मानव जाति प्रति आसुरी शक्ति भएका महिसा सुरले मान प्रति गरिएको अत्याचारवाट पिडित भए पछि महिसा सुरको अन्त गर्न देव शक्तिले मां दुर्गाका रुप धारण गरी महिसा सुरको अन्त गरी असल मानव समाजको स्थापना गरेका थिए । त्यसै गरी हामीले मनाउन लागेको पर्व दिपावली पर्व भगवान रामले रावनको अन्त गरी घर फर्केको दिनलाई र काली माताले आसुरी शक्तिको नाश गरेकोले त्यसको उपलक्ष्यमा उत्सवको रुपमा शुभ दिपावली मनाउने चलन चलेको छ । जुन सुकै धर्मालम्वीहरुले मनाउने उत्सव भनेकै आसुरी शक्ति माथि गरीएको विजय प्रप्तिलाई नै उत्सवको रुपमा मनाउने गरिन्छ ।

अहिले पनि हाम्रो समाजमा असुरी शक्ति रहेको अवस्था छ । त्यो चाहे शासन व्यवस्थाको नाममा होस, वास राजा रजौटाको नाममा होवा वा जमिनदारी प्रथाको नामा अहिले पनि आसुरी शक्ति समाजमा रहेको छ । त्यही आसुरी शक्तिले समाजमा भ्रष्टाचार, वालात्कार, चारी, डकैती, हत्या, हिन्सा, वाल दुराचार लगायतका घटनाहरु भई रहेको अवस्था छ । ती शक्ति भनेको आसुरी शक्ति नै हो ती आसुरी शक्तिहरुर्ला समाप्त पार्नको लागि अहिलेको अवस्थामा ती शक्तिहरुला समप्त गर्नको लागि कडा कानूनको व्यवस्था हुन आवश्यक छ । ती कानूनलाई पालन गर्नको लागि सत्ता संचालनमा रहेको नेता तथा कर्मचारीहरुको मानसिकता ठीक हुनु पर्छ अनि मात्र समाजवाट आसुरी शक्तिहको अन्त हुन्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**भाग्यले राम्रो साथ दिनाले आँटेको काममा सफलता प्राप्त हुने देखिन्छ। सामाजिक काममा मान सम्मान समेत मिल्ने योग छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)** :आफन्त जनहरुसंग सुखद भेटघाट हुने । योग रहेको छ। परिवारमा राम्रो वतावरणको माहोल आउनुका साथै सन्तान सुख मिल्ने छ।

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** :बोलीको योग लाग्ने रहेकाले होस पुऱ्याएर बोल्नुहोला । सामान्य वादविवाद एवं शत्रु वाधा देखिए तापनि जित तपाईकै हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : पारिवारिक सुख शान्ति प्राप्त हुनुका साथै भ्रमणको अवसर प्राप्त हुने प्रवल संम्भावना भएकोले विचार पुऱ्याई यात्रा गर्नु होला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : बालीको प्रभावले महत्वपूर्ण काममा समेत सफलता प्राप्तम हुने छ। स्वास्थ्यमा भने सामान्य अस्वस्थता आई पर्ने देखिन्छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** :बौद्धिक तथा धार्मिक कार्यक्रमहरुमा सहभागिता जनाउनु पर्ने छ। अध्ययन अध्यापनको क्षेत्रमा राम्रो अभिरुभि उत्पन्न हुने छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**:काममा प्रशस्त समस्या आइपर तापनि धैर्यको वाँध नटुट्नाले सफलता तपापईको हातमा हुनेछ । स्त्रीवर्ग बाट सहयोग मिल्ने छ

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**:आर्थिक हानिनोक्सानी एवं खर्च बृद्धि हुने छ। शाररिक रुपमा सामान्य अस्वस्गथता एवं मानसिक चिन्ताको समेत योग रहेको छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: खानपिनका परिकार प्राप्त होलान् । इष्टमित्रहरुसँग भेटघाट हुनेर नयाँ कामको लागि पहल गर्ने समय छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**: परिवारको चिन्ताले सताउनुका साथै सानो तिनो वादविवाद समेत आई पर्ने छ। मनोरञ्न एवम विलासितामा अध्याधिक खर्च हुने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)**: स्वास्थ्यमा सामान्य समस्या आई पर्न सक्छ। विचार पुऱ्याउनुहोला। खर्च बढ्ने तथा आन्दानीका स्रोतहरु मिल्नुका साथै सुख प्राप्तीको योग छ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)**::वादविवादमा विजय मिल्ने छ । भने शत्रुहरु परास्त हुनेछन । भ्रमण एवम साथीहरुवाट मन पर्ने उपहार समेत प्राप्त होला।

# एनआरएनएको औचित्य सकिएकै हो त ?



नारायाण गाउंले

एनआरएनएको सम्मेलनमा आएका केही अप्रिय समाचारलाई लिएर यस्तो सम्मेलन नेपालमा नगर्ने सुझाव धेरैले दिएको पाइयो । एनआरएनएले हरेक वर्ष ठूला क्षेत्रीय सम्मेलनहरू विभिन्न देशमा गर्दै आएको छ । ग्लोबल सम्मेलन पनि नेपाल बाहिर गर्न नसक्ने या नहुने भन्ने कुरै भएन ।

नेपालमा भन्दा विदेशमा सम्मेलन गर्दा खर्च सस्तो पनि पर्छ । जस्तो (बेलायतबाट यतिबेला इटाली या ग्रीस जान ५० डलरको टिकट काटे पुग्छ । तर, नेपाल आउन १५ सय डलरको टिकट चाहिन्छ ।

यस्तो सम्मेलन नेपालमै गर्न चाहनुको पछाडि असल नियत छ । नेपाल र नेपालीसँग यो अभियानलाई जोडी राख्न यस्तो सम्मेलन नेपालमै गर्ने सोच राखिएको हो । व्यवस्थापनको कमजोरीले नियतलाई छोप्नु राम्रो होइन ।

यो अधिवेशनमा विभिन्न देशबाट २६ सय प्रतिनिधि सहभागी छन् । बर्सेनी यो संख्या बढ्दो छ । तिनका परिवार र इष्टमित्र पनि सागसागै नेपाल आएका छन् । तिनलाई जोड्दा यो संख्या ५ हजारभन्दा बढी हुन्छ ।

छाला आफूजस्तै भएकाले हामीलाई यी गैरपर्यटक या महत्वहीन लागेको हुन सक्छ । तर, २५ सय अन्तराष्ट्रिय प्रतिनिधि सहभागी हुने कार्यक्रम नेपालमा हुनु आफैंमा गौरवको विषय हो ।

यी डेलिगेट्सहरुसँगै लाखौं डलर देशमा भित्रिएको छ । सयौंले रोजगारी पाएका छन् । सानाठूला बिजनेसले ग्राहक पाएका छन् र नेपालले नेपाललाई माया गर्ने हजारौं प्रवासीहरूलाई एक ठाउँमा पाएको छ ।

यसबीच छलफल भएका साना-ठूला एजेन्डाहरू नेपालसँगै सम्बन्धित छन् । यसले नकारात्मक समाचार मात्रै उत्पादन गर्दैन, दर्जनौं देशमा नेपालको प्रवर्द्धन पनि गर्छ ।

फेसबुकमा विकृतिविरुद्ध बोल्नु भनेको देशलाई घृणा गर्नु होइन । माया लागेर विकृति विरुद्ध बोल्ने हो । रुवाण्डाको विकृतिविरुद्ध को बोल्छ र ?

एनआरएनएका सबै डेलिगेट्स विदेशी नागरिकता लिएका मात्रै पनि छैनन् । लाखौं एनआरएनए सदस्यहरू विदेशमा श्रम बेचेर पसिना नेपाल पठाउनेहरू छन् । अहिले आफ्नै सम्मेलनमा भएका कमजोरीविरुद्ध पनि ती आफैं बोलेका छन् ।

देश भनेको नेता र विकृतिलाई ढाकछोप गर्नेहरूको मात्रै होइन, तिनको भ्रष्टाचार र अकर्मण्यता प्रति असन्तुष्टि पोख्नेहरूको पनि हो । अहिले पनि देश यही पसीना बगाउनेहरूले पठाएको रेमिटेन्सबाट धानिएको छ ।

अहिलेको व्यापार घाटा देशको बजेटभन्दा ठूलो छ । गत आर्थिक वर्षमा १३ खर्ब १५ अर्बको संघीय बजेट थियो । तर, व्यापार घाटा १३ खर्ब २१ अर्बभन्दा बढी रहेको भन्सार विभागको तथ्याङ्क छ । यसले देशको वैदेशिक मुद्रा सञ्चिति संकटमा छ ।

देशमा भित्रिनेभन्दा बाहिरिने वैदेशिक मुद्रा धेरै भएपछि शोधनान्तर घाटा पनि बढिरहेको छ । अनेक प्रयासका बाबजुद पनि निर्यात बढ्न सकेको छैन । तत्काल निर्यात बढाउन र यो घाटा पूर्ति गर्न सम्भव पनि देखिन्न । यसका लागि कम्तिमा दशक लाग्न सक्छ ।

त्यतिञ्जेलका लागि देश चलाउने भनेको वैदेशिक लगानी, रेमिटेन्स, वैदेशिक ऋण, अनुदान, पर्यटन र सेवाको बिक्रीले नै हो । ठूला-ठूला लगानी सम्मेलनले समेत वर्षको ८ र १० खर्ब लगानीको प्रतिवद्धता हासिल गर्न सकेको छैन । हरेक वर्ष १३ खर्ब रुपैयाा ऋण या अनुदान लिन सकिने कुरो पनि भएन । पर्यटनका सूचक पनि आशा गरिएजस्तो छैन । ग्लोबलाइजेशनका कारण नेपाल आउने पर्यटकभन्दा नेपालबाट बाहिर घुम्न जाने पर्यटक धेरै छन् । आन्तरिक पर्यटनको क्षेत्रमा खास काम हुन नसकेकाले बाहिर घुम्न जानेहरूको संख्या बढ्दो छ । यस्तोमा रेमिटेन्सको तत्काल अर्को विकल्प छैन । यसले कम्तिमा ८ खर्बको योगदान गरिरहेको छ । र, यो सबै समूहलाई एनआरएनए ले संगठित गरिरहेको छ ।

हामी भिजिट नेपाल २०२० मनाउादैछौं र हाम्रो उद्देश्य २० लाख पर्यटक भित्र्याउने छ । राज्यले यसको प्रवर्धनमा ठूलो खर्च गरेको पनि छ । सस्तो र सुलभ हवाइ कनेक्शन, पर्यटकीय गन्तव्य र आकर्षणको विविधीकरण र मुख्य शहरबाहिर पूर्वाधारको विकास लगायतका काम हुन नसकेकाले पर्याप्त बहृय पर्यटक भित्र्याउन गाह्रो छ ।

युरोप, अमेरिका र अस्ट्रेलियामा मात्रै झन्डै १५ लाख नेपालीको संख्या पुगेको अनुमान छ । तिनलाई नेपालसाग जोडी राख्ने हो भने ती कम्तिमा वर्षको एकपल्ट दशैं मनाउन नेपाल आउाछन् । ती भोलिका स्थायी र नियमित पर्यटक पनि हुन् । तिनका सन्तानसम्म नेपाल जोडिने हो भने कम्तिमा ४० र ५० लाख नियमित पर्यटक देशले पाउन सक्छ ।

एनआरएनए संस्थाले तत्काल देशलाई फाइदा होला या नहोला, तर यो संस्थाबाट देशलाई कुनै घाटा छैन । यो युग नेटवर्ककै हो । पचासौं देशसम्म फैलिएको यति ठूलो नेटवर्क बचाउन सकियो भने मात्रै पनि कुनै न कुनै बेला उपयोगी बन्न सक्छ

हरेक एनआरएनले प्रत्यक्ष या अप्रत्यक्ष, सानो ठूलो लगानी गर्दै आएको छ । संस्थागतरूपमा त्यसलाई व्यवस्थित गर्ने नारा हालसम्म कार्यान्वयन हुन नसके पनि त्यसको सम्भावना दिनप्रतिदिन मजबूत बन्दै गएको छ । यति ठूलो डायस्पोरालाई संगठित गर्ने एउटा मात्र संस्था एनआरएनए नै हो ।

पचासौं देशमा फैलिएको एउटा नेटवर्क आफैंमा ठूलो पहाच हो देशका लागि । विगतको महाभूकम्पलगत्तै विश्वभरका नेपालीहरू यो नेटवर्क प्रयोग गरेर अरबौंको उद्धार, राहत र पुनर्निर्माण कार्यमा सहभागी भएको उदाहरण हामीसाग छ ।

नाकाबन्दीको विरोधमा लण्डनदेखि पेरिससम्म र न्यूयोर्कदेखि दिल्लीसम्मका अन्तरराष्ट्रिय नियोगमा हजारौं एनआरएनहरू नेपाली झण्डा बोकेर विरोध प्रदर्शन गर्न पुगेका थिए । भोलि पनि अन्तर्राष्ट्रिय समुदायसँग नीति निर्माणदेखि राष्ट्रिय हितका सवालमा यसले संगठित आवाज दिन सक्छ ।

नेपाल बाहिर नेपाल बचाउने सन्दर्भमा त यसको भूमिका भोलिका दिनमा अपरिहार्य हुने देखिन्छ ।

व्यवस्थापन र हाम्रो व्यवहारमा सयौं गल्ती होलान् र छन् । हरेक संस्थाभित्र विकृतिहरू हुन्छन् नै । केही सहभागीहरूले अमर्यादित व्यवहार देखाएका पनि होलान् । समयतालिका अनुसार गतिविधि सञ्चालन नहुादा सहभागीमा असन्तुष्टि देखिएको र केही उत्तेजित बनेको पनि सत्य हो । तर, एनआरएनएको समग्र अनुहार यत्ति होइन ।

एनआरएनए संस्थाले तत्काल देशलाई फाइदा होला या नहोला, तर यो संस्थाबाट देशलाई कुनै घाटा छैन । यो युग नेटवर्ककै हो । पचासौं देशसम्म फैलिएको यति ठूलो नेटवर्क बचाउन सकियो भने मात्रै पनि कुनै न कुनै बेला उपयोगी बन्न सक्छ ।

जसरी आगो लागेपछि इनार खन्न सकिन्न, ठ्याक्कै परेका बेलामा तत्काल यत्रो नेटवर्क बनाउन सकिन्न नै ।

(लेखक गाउँले एनआरएनए युकेका निवर्तमान सचिव हुन् ।)

धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# दीवालीका मतलव रोशनी का पर्व

सबसे पुराने और बडे पैमाने पर मनाए जाने वाले त्यौहार दीवाली का हिंदू पंचांग में विशेष स्थान है। दीवाली शब्द का मतलब है 'रोशनी का त्यौहार', यह शब्द संस्कृत के शब्द 'दीपावली' से बना है, जिसका अर्थ होता है दीपों की पंक्ति या कह सकते हैं दीपों की श्रृंखला। यदि इस त्यौहार पर रात में किसी क्षेत्र का हवाई चित्र लिया जाए तो यह दृश्य बिलकुल चमक दमक से जगमगाती धरती का होगा।

दीवाली का त्यौहार विभिन्न क्षेत्रों के लोगों द्वारा मनाया जाता है, त्यौहार मनाने के रीति रिवाज और उत्सव का तरीका भले ही हर क्षेत्र में अलग हो पर लेकिन सब जगह उत्साह एक समान ही रहता है।

दीवाली की तारीख

दीवाली भले ही पांच दिवसीय उत्सव हो पर मुख्य त्यौहार दशहरे के १८ दिन बाद ही आता है। यह त्यौहार साल के आखरी महीनों में अक्टूबर या नवंबर के महीने में आता है। हिंदू पंचांग के मुताबिक साल २०१९ में कार्तिक के महीने में अमावस अक्टूबर २७ को होगी और इसी दिन दीवाली का त्यौहार मनाया जाएगा।

दीवाली के पांच दिन

जो कारण दीवाली को खास और लोकप्रिय बनाता है वो यह है कि इस त्यौहार के रीति रिवाज सिर्फ एक ही दिन में नहीं सिमट जाते या खत्म हो जाते। आमतौर पर लोग इस त्यौहार की तैयारी अपने घर और दफ्तर की मरम्मत के साथ हफ्तों पहले से ही शुरु कर देते हैं। इमारतों की सफाई और रंगाई, घर की सजावट के लिए सामान की खरीददारी, अपनों के लिए तोहफे लेना और नए कपड खरीदना यह सब इस त्यौहार के लिए जरुरी है। घरों और दफ्तरों को फूलों, झालरों और कंडिल आदि से सजाया जाता है। फूलों और सूखे रंगों की रंगोली कई घरों के दरवाजों पर सजाई जाती है। जो पांच दिन इस त्यौहार को पूरा बनाते हैं वो इस प्रकार हैं।

धनतेरस

पांच दिनों का उत्सव धनतेरस के साथ शुरु होता है। इमारतें रोशनियों से सजाई जाती हैं और लोग धनतेरस के रिवाज के तौर पर सोने, चांदी और बर्तनों की खरीददारी करते है। इस दिन देवी लक्ष्मी जो कि धन और समृद्धि की देवी है, के जन्मदिन के उत्सव के साथ -साथ स्वास्थ्य और आरोग्य के भगवान धनवंतरी का भी जन्मदिन मनाया जाता है।

नर्क चतुर्दशी

छोटी दीवाली या जिसे नर्क चतुर्दशी भी कहते हैं, इस उत्सव के दूसरे दिन मनाई जाती है। यह समय होता है घरों की अच्छी तरह सफाई, सजावट करने और रंगोली बनाने और मेहंदी लगाने का। लोग इसी दिन से एक-दूसरे से मिलना जुलना भी शुरु कर देते हैं। इस दिन आपको लोग तोहफे खरीदते, रिश्तेदारों और दोस्तों से मिलते और एक दूसरे को तोहफे देते दिख जाते हैं।

दीवाली

तीसरा दिन पांचों दिनों में से सबसे खास है। दीवाली के रीति रिवाज ज्यादातर शाम को पूरे किये जाते हैं, जिसमें विभिन्न समुदाय अपने ईष्ट के साथ(साथ देवी लक्ष्मी, भगवान गणेश, देवी सरस्वती और भगवान कुबेर की भी पूजा की करते हैं। माना जाता है कि दीवाली की रात धन की देवी लक्ष्मी धरती का भ्रमण करती हैं। उन्हें अपने घर बुलाने और उनका आशीष पाने के लिए लोग अपने घरों के दरवाजों, खिडकियों और आंगन में दीपक जलाते हैं। इसके बाद बच्चे और बडे सजधज कर घरों से निकल कर पटाखे चलाते हैं।

इस दिन विक्रम संवत् के अनुसार नया साल भी शुरु होता है और व्यापारी और दुकानदार देवी लक्ष्मी और भगवान कुबेर के आशीर्वाद से नया वित्तीय वर्ष शुरु करते है।

पडवा

दीवाली के अगले दिन पडवा मनाई जाती है, जो कि विवाह संस्था का उत्सव मनाने का दिन है। इस दिन पति और पत्नी के बीच तोहफे का लेन देन होता है। कुछ परिवारों में पडवा के उत्सव का एक रिवाज यह भी होता है कि भाई अपनी शादीशुदा बहन को ससुराल से मायके लेकर आता है। कई क्षेत्रों में इस दिन गोवर्धन पूजा कर के भगवान कृष्ण के प्रति श्रद्धा प्रकट की जाती है।

भाई दूज या भैया दूज

इस पांच दिनी त्यौहार का समापन भाई और बहन के बंधन का उत्सव मनाकर होता है। ज्यादातर भाई दूज या भैया दूज कहे जाने वाले इस त्यौहार को कुछ क्षेत्रों में 'टीका' भी कहते हैं। कुछ हद तक यह रक्षा बंधन जैसा है, लेकिन इसके रीति रिवाज अलग होते है। यह एक ऐसा मौका होता है जब सगे और चचेरे भाई-बहन एक दूसरे के साथ बिताने के लिए समय निकालते हैं। कई समुदायों में इसे दावत के साथ मनाते हैं, जहां भाई बहन एक दूसरे के प्रति प्यार और विश्वास का इजहार करते हैं और बहनें भाई के माथे पर कुमकुम और चावल लगाती हैं। यह उनका अपने भाई के सुख के लिए कामना का प्रतीक है और बदले में भाई अपनी बहनों को तोहफे के तौर पर उनका यह प्यार लौटाते हैं।

दीवाली की मान्यताएं

ज्यादातर हिंदू त्यौहारों की तरह दीवाली भी बुराई पर अच्छाई की जीत का प्रतीक है। अपने सर्वव्यापी विश्वास के चलते दीवाली, जैन और सिख समुदाय के लोग भी मनाते हैं। विश्वास करने वाले मानते हैं कि यह दिन प्रेम का निराशा पर, रोशनी का अंधेरे पर और ज्ञान का अज्ञान पर विजय का प्रतीक है। हिंदुत्व के तीन मुख्य दर्शनों यानी वेदांत, योग और सांख्य के अनुसार आत्मा का अस्तित्व शरीर से परे है। हिंदुत्व का गूढ पहलू दिखाते हुए दीवाली के त्यौहार का महत्व यह है कि यह हमें हमारी वास्तविक प्रकृति का ज्ञान कराता है और आध्यात्मिक रुप से जागरुक करता है।

दीवाली का इतिहास

दीवाली एक प्राचीन त्यौहार है, इसके कई संदर्भ हमें पुराणों और कई धार्मिक ग्रंथों में मिलते हैं। स्कंद पुराण के मुताबिक दीपक प्रतीक हैं उस सूर्य का जो कि सभी जीवित व्यक्तियों के लिए उर्जा और प्रकाश का महत्वपूर्ण केन्द्र है, और उस सूर्य में कार्तिक के महीने में मौसमी बदलाव आते हैं।

दीवाली का महत्व

हिन्दु धर्म में हमेशा से सामाजिक और सामुदायिक बातचीत का बहुत महत्व रहा है पर शहरीकरण, विकास और व्यक्तिगत सफलता की होड में लोगों के बीच मेलजोल बहुत ही कम हो गया है। ऐसी स्थिति में दीवाली का महत्व इसलिए भी बढ गया है कि यह शहरों और गांवों में लोगों को जोडने का काम करती है।

खुशी के भाव के साथ, आत्म-ज्ञान और उमंग की रोशनी सब जगह समान है, लेकिन उत्सव की क्षेत्रीय प्रथाओं का तरीका, संसाधनों की पहुंच और उस क्षेत्र के लोगों के अपने विश्वास पर निर्भर करता है।

दीवाली क्यों मनाते है?

हिंदू धर्म, जैन धर्म और सिख धर्म में दीवाली मनाने के कारण अलग-अलग हैं।

हिंदू धर्म:

महाकाव्य रामायण के अनुसार दीवाली १४ सालों के वनवास के बाद भगवान राम, उनकी पत्नी सीता और भाई लक्ष्मण की वापसी के उत्सव के रुप में मनाते हैं।

दीवाली, देवी लक्ष्मी की पूजा और पूर्वी क्षेत्रों में काली की पूजा करके मनाते है।

जैन धर्म:

जैन धर्म में दीवाली का विशेष महत्व है। यह भगवान महावीर के निर्वाण पाने की याद में मनाया जाता है।

सिख धर्म :

सिख धर्म में दीवाली गुरु हर गोबिंद जी के जहांगीर की कैद से छूटने और अमृतसर के स्वर्ण मंदिर लौटने की खुशी में मनाई जाती है। बंदी छोड दिवस के तौर पर सिख इस दिन को बहुत ही श्रृद्धा के साथ मनाते हैं।

दीवाली कैसे मनाई जाती है?

दीवाली का जश्न दीये जलाने से लेकर, घरों को सजाने, पूजा करने, मिठाई बनाने और खाने और अन्य क्षेत्रीय विशेषताओं के साथ मनाया जाता है। बच्चों को पौराणिक कथाएं सुनाना, तोहफों का लेनदेन और पटाखे चलाना भी इसमें शामिल है।

पर्यावरण की दुर्दशा के प्रति चिंता और लोगों में बढती जागरुकता ने इस त्यौहार को मनाने के तरीके को थोडा बदला है। कई जिम्मेदार परिवार अब प्रदूषण रहित दीवाली मनाना अपना रहे हैं, जहां उत्साह अच्छी सामाजिक प्रथाओं तक सीमित है। ना सिर्फ स्कूल और अन्य शिक्षण संस्थाएं बच्चों को पटाखे चलाने से रोकते हैं बल्कि मीडिया, सरकार और माता पिता भी पटाखों से होने वाले वायु प्रदूषण के नुकसान प्रति जागरुकता फैलाने में अहम भूमिका निभाते हैं।




## मगही भाषा

## मगही भाषा के गीत

मुण्डन वा चूडाकरण

४८

ओखरी में चउरा, छटायब हे, चकरी मे दाल दरायब हे-
कन्हइया जी के मुण्डन हे।
ब्रह्मामण के नेवता पेठायब, पोथिया समेत चली आवऽ
कन्हइया जी के मुण्डन हे।
ब्रह्मामण अझुरी पसारे, हम लेबो पोथिया के मोल-कन्हइया
जी के मुण्डन हे।
हजमा के नेवता पेठायब, छुरवा समेते चली आवऽ-
कन्हइया जी के मुण्डन हे।
कुम्हरा के नेवता पेठायब, कलसा मेत चली आवऽ-
कन्हइया जी के मुण्डन हे।
फुआ के नेता पेठायब, फुफा समेत चली आवऽ-कन्हइया
जी के मुण्डन हे।
फुआ अझुरी पसारे, हम लेबो बबुआ के मोल-कन्हइया
जी के मुण्डन हे।

४९

गंगा मइया के ऊँची रे अररिया, तिरिअवा एक रोवले हे।
मइया, अपना लहर तुहूँ दीहँऽ ओही मे समायब हे।
चुप-चुप तिरिया अपन घरे जाहूँ लहर नही मांगहूँ हे।
आजु के नौवा महीनवाँ होरिलिवा गोदी खेलई हे।
गंगा माई खँसी-पाठी देबवऽ बलकवा जब ही पायब हे।
मइया देहूँ तू भरत असपूत, जगत जस गावये हे।

५०

अबहूँ नगर के ब्राह्मण, पोथिया विचारहूँ,
आज कन्हइया जी के मुंडन, नेवता पेवता पेठायब हे।
बीरा ले मनयबो गोतिया, सेनुर ले गोतनी लोग हे।
अहे बुलकी ले मनायब ननदिया, मडउवा मोर शोभत है।

५१

आहूँ बारहमन, बैठूँ सतरंगिया, आज कन्हइया जी के मुरन हे।
ब्राह्मण अझुरी पसारे, हम लेबो पोथिया के मोल-आज
कन्हइया जी के मूरन हे।
अजमा अझुरी पसारे, हमे लेबो छुरवा के मोल-आज
कन्हइया जी के मूरन हे।
कुम्हरा अझुरी पसारे, हम लेबो कलसा के मोल- आज
कन्हइया जी के मूरन हे।
फूवा अझूरी पसारे, हम लेबो बबुआ के मोल-आज
कन्हइया जी के मूरन हे।

भरत प्रसाद महतो

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं।

सुनवर्सी नगर पालिकाका कार्यालय मोरंग

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# उदाउँदोलाई मात्र होईन अस्ताउँदोलाई पनि सम्मान गर्न संन्देश दिन्छ : छठ पुजा



छठ पर्व नेपाल र भारतका केही क्षेत्रमा हिन्दूहरूले मनाउने एक महत्वपूर्ण चाड हो । यो पर्वमा षष्ठी भगवतीको पूजा अर्चना गरी पुत्र, पति र परिवारको कल्याणको कामना गर्ने गरिन्छ । नेपालको विशेष रुपले तराई क्षेत्रमा श्रद्धा एवं भक्तिपूर्वक यो पर्व मनाइन्छ । यस पर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर पकाई प्रसादको रूपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई पनि ख्वाउने चलन छ । परम्परानुसार छठका दिन साास्र अस्ताउादो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्दै भोलिपल्ट सप्तमीका दिन बिहान उदाउादो सूर्यलाई पुनः अर्घ दिई पूजा विसर्जन गरिन्छ । पवित्र मनले छठ पर्व मनाउँदा पारिवारिक कल्याण, सन्तानसुख तथा मनोकामना पूरा हुने विश्वास गरिन्छ ।

सृष्टिको सुरूवातदेखि नै सूर्यको उपासना गरिंदै आएको पाइन्छ । अग्नि पुराणमा पनि षष्ठी व्रतको प्रसाग उल्लेख छ । चौध वर्षको वनवास र एक वर्षको अज्ञातवास बसेको बेला कुन्ती, द्रौपदी सहित पाण्डवले यो व्रत गरेको वर्णन महाभारतमा पाइन्छ । त्रेता युगमा राजा दशरथकी रानी कौशल्याले पनि यो व्रत गरेको बताइन्छ । कात्तिक महिनामा मनाइने छठलाई ठूलो छठ भनिन्छ । चैतको षष्ठी तिथिमा पनि केही ठाउँमा यो पर्व मनाइन्छ ।

सूर्य उपासनासँग सम्बन्धित छठ पर्व प्रत्येक वर्ष कात्तिकशुक्ल पञ्चमी र षष्ठीका दिन मनाइने गरिन्छ । व्रत बस्नेहरू स्नान गरेर उपवास बसी आत्मशुद्धि गर्छन, जसलाई खर्ना भनिन्छ । षष्ठीका दिन नदी र पोखरीको घाटमा व्रतालुहरूले स्नान गरी बेलुकाको समयमा जलाशयमा उभिएर सूर्यलाई फलफूल, ठेकुवा र कसार अर्घ दिन्छन्। व्रतालु भक्तजनहरू राती धेरैजसो नदी किनारमा बास बस्छन् भने केही घर फर्किन्छन् । तर शुद्धाशुद्धिको धेरै विचार गर्नुपर्ने भएकाले कहीं कतै अशुद्ध नहोस् भन्नेमा उनीहरू सजग हुन्छन् । शुद्ध भावनाले यो व्रत गर्नाले तुरुन्त फल पनि पाइने धर्मावलम्बीहरूको विश्वास छ । त्यसकारण मनले मात्र शुद्ध नभएर सबैथोक चोखो हुनुपर्ने हुनाले व्रतालुहरूले मात्र नभई सम्पूर्ण परिवारले नै यसलाई कडाइका साथ पालना गर्छ ।

षष्ठीको भोलिपल्ट ब्रममुहूर्तमा मानिसहरू पूजासामग्री लिएर नदी किनारमा गई स्नान गरी उदाउादो सूर्यलाई फेरि अर्घ्य दिएपछि छठ पर्व सकिन्छ र प्रसाद बाािडन्छ । छठको प्रसादमा उखु, केराउ, केरा, नरिवल, मिठाई, चना, ठेकुवा, कसार, कागती र अदुवा राखिन्छ । विशेषगरी शुद्ध घिउमा गहुाको पिठोबाट निर्मित ठेकुवा र चामलबाट निर्मित कसारको विशेष प्रसाद बनाइन्छ । छठ माताको पूजाआजा गरेपछि भाकल गर्नेहरूको सबै मनोकामना पूरा हुने धार्मिक विश्वास छ । यो व्रत गर्नाले चर्मरोग छिटो निको हुने पनि विश्वास गरिन्छ। केही भक्तजन घरबाट साँभ्र र बिहान घर्सिंदै नदी वा पोखरीको किनारमा गई स्नान गरी व्रत पूरा गर्छन् । कतिले मनोकामना पूरा भएमा नाच नचाउने, पोखरीमा माटोको हात्ती राख्ने तथा दियो बाल्ने जस्ता कार्य पनि गर्छन्। सूर्यको प्रकाशमा भिटामिन डी प्राप्त हुने भएकाले मानवशरीर विज्ञानका अनुसार यो व्रतको महत्व आज पनि त्यत्तिकै छ ।

कार्तिक शुक्ल चतुदर्शीका दिनबाट शुरु हुने छठ पर्व सूर्यको आराधना गरी नेपाल र भारतका विभिन्न क्षेत्रमा मनाइन्छ। अत्यन्तै श्रद्धा र निष्ठाका साथ ब्रत बसी अस्ताउँदो सूर्य र उदाउादो सूर्यलाई पूजा गरी यो पर्वलाई हर्सोल्लासका साथ मनाइने गरिन्छ । यो एउटा यस्तो चाड हो जसमा डुब्न लागेको सूर्यको साथै उदाउँदो सूर्यको पनि आराधना गर्ने गरिन्छ । समाजमा उदाउँदो वा प्रतिष्ठीत व्यक्तीलाई सवैले ढोग्छन् सम्मान गर्छन् तर डुब्न लागेको घाम गरीव तथा बेसहारालाई कसैले हेर्दैनन् तर यस पर्वले जुनसुकै अवस्थामा पनि सबैलाई समान व्यबहार गर्नुपर्छ भन्ने सन्देश दिन्छ । त्यस्तै सूर्यले सबै प्राणीहरूलाई समानरूपमा प्रकाश दिन्छ त्यसैले सवैमाथि समान व्यवहार गर्नुपर्छ भन्ने सोच विकास गर्नका लागि सूर्यको पूजा गरिन्छ । वर्षको दुई पटक चैत र कार्तिक महिनामा धुमधामका साथ मनाइने यस पर्वमा चोखो र शुद्धाशुद्धिमा अत्यन्तै ध्यान दिइन्छ । विधी विधान अनुसार मनाएमा आफना सम्पूर्ण कष्ट हटेर जाने जनविश्वास रहिआएको छ । छाला सम्वन्धी रोग निदानका लागि, पुत्र प्राप्तिका लागि र भाकल पूरा गर्न मानिसहरू भक्तिमा लिप्त भएर नजीकैको पोखरी जलाशय कुण्डमा गई यस दिन छठ पूजा गर्दछन् । छैठको पूजा गर्दा उखु, केराको बोट, बेसार, अदुवा, नरिवल, जौ, भुसुवा, ठकुवा, फलफुल, मिठाई जस्ता सामाग्रीको आवश्यकता पर्दछ । सम्पूर्ण प्राणीलाई विना कुनै भेदभाद समान शक्ति, ताप र किरण दिने समानताको प्रतीक सूर्यको यसै महिमालाई आत्मसात गर्दै सूर्यको पूजा प्रार्थना र आराधना तन, मन लगाएर चार दिनसम्म गरिन्छ ।

नहान खान

छठको पहिलो दिन

कार्तिक शुक्ल चर्तुदशीका दिन देखि छठ आरम्भ हुन्छ । दशैं र तिहार लगतै शुरु हुने छठ नितान्त सूर्यको उपासना गरी मनाइन्छ। छठको शुरुवात मानिने यस दिनलाई ब्रतालुहरू नहान खान (नहाए खाए) भन्दछन् । बिहान सवेरै उठेर हात खुट्टाको नङ्गकाट्छन् र चोखो पानीले नुहाई-धुवाई गरी सफा कपडा लगाएर पूजा गरी शुद्ध भोजन गर्दछन् । भनिन्छ यस दिनमा ब्रतालुहरूले प्रण गर्दछन( म अव जथाभावी खाादिन र तन मनले प्रभुको शरणमा बस्नेछु ।

खर्ना

छठको दोस्रो दिन

विधिवत रूपमा शुरु भएको छठको दोस्रो दिनलाई खर्ना भनिन्छ। यस दिनमा नुहाएर चोखो भई साास्रपख ब्रतालुहरूले सखरको खीर लौकाको तरकारी जस्ता शुद्ध भोजन ग्रहण गर्दछन् । यस दिनमा एक छाक मात्र भोजन गर्नुको कारण भने छठको दिन अर्थात अघिल्लो दिनमा दिनभरि पानीसमेत नपिई निराहार ब्रतको पूर्वाभ्यास हो ।

छठको तेस्रो दिन

छठको तेस्रो दिन अर्थात छठ पर्व । यस दिनमा ब्रतालुहरू पानीसमेत नपिई निराहार बस्दछन् । साास्रपख नजीकैको पोखरी, तलाउ, इनार, कुवा जस्ता जलाशयमा गई पानीमा डुवेर अस्ताउँदो सूर्यलाई पूजा गर्दछन । छठको दिन सूर्यलाई चढाउनका लागि बनाइएका सामग्रीहरू घाटमा लगेर पालैपालो पानीमा डुवाई सूर्य देउतालाई चढाउादछन । प्रातःकालीन अर्घका लागि केही ब्रतालुहरू रातभर पानीमा बसेर सूर्य नउदाउन्जेल सम्म पूजा गर्दछन भने कोही प्रसाद चढाएर पानीबाट निस्कन्छन् । यस दिनमा रातभर भजन किर्तन र नाचगान हुने गर्दछ । घाटलाई बेहुली भ्कै सिंगारिएको हुन्छ ।

छठको चौथो दिन

रातभर सूर्यको आराधनामा मग्न भएका भक्तहरूले भोलिपल्ट उदाउँदो सूर्यको पूजा-आजा गर्दछन् । विहानीमा सूर्यको न्यानो किरणसंगै ब्रतालुहरूले अंजुलीमा पानी भरि जल चढाउाछन् र पालैपालो ठकुवा भुसुवा फलफुल र मिठाईजस्ता प्रसादहरू अर्पण गर्दछन् । त्यसपछि घरमा गई सूर्यको प्रसाद ग्रहण गरी ब्रत तोड्दछन् ।




# बलात्कार गर्न साढे तीन सय किलो मिटर पैदल यात्रा

अमेरिकाको इण्डियानापोलिसबाट विस्कन्सिन बीचको दूरी साढे ३ सय किलोमिटर छ । यति धेरै दूरी पैदलै हिड्ने आँट कसैको होला ? आखिर मनको इच्छा पूरा गर्नका लागि मान्छे जति पनि हिड्न तयार हुँदो रहेछ ।

३२ वर्षका एकजना पुरूष हिँडेरै इण्डियानापोलिसबाट विस्कन्सिन पुगेका छन् ।

उनी कुनै रेकर्ड कायम गर्न वा पुण्य कमाउन त्यतिधेरै बाटो हिंडेका होइनन् । एक किशोरीलाई बलात्कार गर्नका लागि उनले यसो गरेका हुन् ।

ती पुरुषको नाम टमी ली जेनकिन्स हो । इण्डियानापोलिसमा बस्ने टमले १४ वर्षीया काइली मेरी नामकी एक किशोरीसंग यौन सम्पर्क गर्नका लागि उनले साढे ३ सय किलोमिटर टाढाको विस्कन्सिन पुगे ।

किशोरीसंग उनको फेसबुकमा चिनजान भएको थियो । त्यसपछि फेसबुकमा उनीहरूबीच नियमित कुराकानी हुन थाल्यो । पुरूषले ती किशोरीलाई यौनसम्पर्क गर्नका लागि इण्डियानापोलिस बोलाउन थाले । तर किशोरीले आफू त्यति टाढा आउन नसक्ने बताइन् । त्यसपछि ती पुरुष आफैं किशोरी भएको ठाउँमा पुगे, त्यो पनि पैदलै ।

तर किशोरीसँग यौन सम्पर्क गर्न नपाउँदै उनलाई प्रहरीले पक्राउ गर्यो । किनकि ती व्यक्ति बालयौन दूराचारको अभियोगमा प्रहरीको निरन्तर निगरानीमा रहेछन् । उनलाई पक्राउ गर्नका लागि प्रहरीले स्टिङ्ग अपरेसन गरेको थियो र प्रहरीको उक्त अपरेसनमा ती किशोरीले एजेन्टको रूपमा काम गरेर उनलाई आफू भएको ठाउँमा बोलाउन सफल भइन् ।

विस्कन्सिन आउन पैदल हिंडिरहेका बेला ती पुरूषले बाटोका विभिन्न ठाउँहरूका तस्वीरहरू खिचेर पठाइरहेका थिए । जब उनी विन्नेबागो काउन्टी पुगे, तब प्रहरीले उनलाई गिरफ्तार गर्यो ।

उनीमाथि नावालिगलाई यौन गतिविधिमा फसाउनेलगायतका गम्भीर अभियोग लगाइएको छ । उनको अभियोग प्रमाणित भएमा १० वर्षसम्मको जेल सजाय हुनेछ । एजेन्सी

४
"खुलेर वोलौं विभेद रोकौं"
"महिला हिंसा विरुद्ध शुन्य सहिष्णुता कायम गरौं"
"दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं"

नेपाल सरकार
सुचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसावमा भर, ह्चुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# माटोको सामग्री विक्री वितरण गर्ने कुमहार जातिको पेशा संकटमा



विराटनगर । मानव जातिले खाना पकाउने भाडा देखि पूजा पाठमा प्रयोग हुने सामग्रीहरु माटोले बनेको हुन्थ्यो । माटोको सामग्रीहरु उत्पादन गर्ने जातिहरुलाई कुमहार (पडित) जातिको हुन्थ्यो । माटोको सामग्रीहरु उत्पाद गरी परिवारको जीवीका मज्जाले चलाउने गर्दथे तर सोही पेशा गरी अवका दिनमा परिवारको खर्च धान्न मुस्किल भई रहेको छ । यसको मुख्य कारण हो माटोको सामग्रीको विकल्पमा आएको प्लाष्टिकका सामग्रीहरु जसले गर्दा कुमहार जातिको पेशा नै संकटमा परेको छ ।

नेपालमा बसेका कुमहार जातिहरुले आफ्नो पेशा त करीव(करीब छोडी सकेका छन् । नेपालमा भाडाका सामग्रीहरु भारतीय र नेपाल सिमासंग जोडिएर बसोवास गरेका भारतीय कुमहारहरुले नेपाल आई आफ्नो सामग्री विक्रीवितरण गरेका छन् ।

माटोको भाडामा खाना बनाउने, माटोको भाडाहरु समानहरु राख्न चलन बजार एरियामा घटि सकेका छन् भने गाउं(घरमा अहिले पनि माटोको भकारी, चुलो, माटोको चिराक, तथा माटोले नै घर लिपपोत गर्दछन् । प्लाष्टिकको सामग्री बजारमाा आए पछि माटोको सामग्री विस्थापित नै भई सकेको भन्दा हुन्छ । माटोको समग्रीहरु प्रयोग गर्दा फुट्ने डर हुन्छ भने प्लाष्टिकको सामग्री फुट्दैनन् । त्यसैले व्यापक रु वि पमा प्लाष्टिकको समाग्री बजार लिई रहेको छ ।

दिपावली पर्वको केही दिन अगाडी देखि नै विराटनगरको चौक(चौकमा दिपावलीमा प्रयोग हुने मोटोको कलश, चिराग, धुपदानी, पैसा राख्ने चुकडी ( खुत्रुके) लगायतका समाग्रीहरु बेच्ने किशोर पण्डित भन्छन " कुमहार जातिको पेशा संकटमा छ पहिले दिपावलीको लागि प्रयोग हुने चिराग (दियो) अनिवार्य रुपमा बालिन्थ्यो तर अहिले ५ वटा माटोका चिराक बाल्ने अन्य सवै प्लाष्टिक र विद्युतवाट चल्ने आधुनिक सामग्रीहरु खरिद गरी प्रयोगमा ल्याउने गरेकोले मैले आफ्नो पेशा जेनतेन धानि राखेको छु तर मेरा छोरा(छोरीले अगामी दिनमा माटोकै सामग्री बनाएर वेच्ने पेशा गर्दैनन् । माटोको समानको सामग्रीमा कुनै फाईदा छनै । अरु वेला देखि भन्दा विजिया दशमी, दिपावली र छठमा माटोको समाग्रीले दश विस हजार फाईदा बढी हुन्छ अरुवेला त माटो सामग्रीको खासै कारोवार हुंदैनन् उनको भनाई थियो ।

पहिलेको जमानामा पुजा(पाठ तथा घरमा प्रयोग हुने माटोको सामग्रीलाई शुभ मानिन्थ्यो । जसले गर्दा सम्पूर्ण सामग्रीहरु माटोकै प्रयोग गर्ने गरिन्थ्यो तर अहिलेको आधुनिक युगमा नामको लागि दुई चारवाटा माटोको सामग्री प्रयोग गर्ने अन्य सवै प्लाष्टिकका सामग्री प्रयोग गर्ने गरेको छन् । सवैलाई थाहा छ माटोको सामग्री शुद्ध हुन्छ तर प्रयोग गरिदैन किन कि माटोको समग्री फुट्ने डरले प्रयोग गरिदैन भने आधुनिक विद्युतीय प्लाष्टिकका चिराकहरुले माटोको सामग्री बनाउनेको पेशा संकटमा परेको विराटनगर महानग पालिकाको देवकोटा चौकमा माटोको सामग्री वेच्दै गरेको संजय पंडितले वताए ।

माटोको सामग्री भारतवाट नेपाल आयात गर्दा कुनै पनि किसिमको भन्सार लाग्ने व्यवस्था छैन । एकत माटोको सामग्रीमा कुनै धेरै फाईदा पनि छैन तर पनि नेपाल तर्फका भन्सार काट्न बाध्य वारेको छ भने प्रहरीले पनि २ सय ४ सय रकम लिएर मात्र नेपाल भित्रिन दिएको गुनासो गर्दै सत्रुधन कुमार पण्डित भने यस्तै रहे केही वर्ष पछि माटोको सामग्री विस्थापित भई कुमहार जातिकै पेशा संकटमा पर्ने भएको छ । अगामी दिनमा हाम्रा छोरा छोरी पढाई लेखाई गरी अन्य पेशा अंगाल्ने सुनिश्चित छ ।


## विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर ब्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला ।
२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं ।
३. घरबाट निस्कने जैविक (कूहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं ।
४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं । घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ ।
५. फ्रेशहाउस तथा माछा मासू पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर ब्यवस्थापन आफै गरौ । अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ ।
६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- ( हप्ताको ७ पटक संकलन हूने गरी ) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला ब्यवस्थापन गरौं ।
७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर ब्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ । अन्यथा फोहोरमैला ब्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ ।
८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाखा लाई छाडा छोडेमा जरिवाना गरिने छ । पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ ।
९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं ।
१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ ।
११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं । जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ ।
१२. सके सफा गरौ नसके फोहोर नगरौ ।
१३. निम्न समस्या भए सम्बन्धित ब्यक्तिलाई खवर गरी सहयोग गरौं ।
  १. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
  २. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
  ३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव ब्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

**अन्य समस्या भएमा**

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०


## स्वास्थ्य

### किन हुन्छ अपच ?

पाचन प्रकृया बिग्रियो भने यसले वृद्ध-वृद्धामात्र भन्दैन, युवा वर्गदेखि बालबालिकासम्मलाई यसले आफ्नो चपेटामा पार्छ । प्राय : यो लक्षण कमजोर पाचन शक्तिसँग सम्बन्धित कुनै रोग जस्तो कलेजो, ग्याष्ट्रिक, मधुमेह आदिका कारण हुने गर्दछ ।

यसबाहेक मानसिक पक्षलाई हेर्ने हो भने तनावले पनि पाचन प्रकृयालाई बिगार्न सक्ने सम्भावना उत्तिकै छ, चाहे त्यो तनाव कामसाग सम्बन्धित होस् अथवा कुनै प्रतिस्पर्धासँग ।

आयुर्वेद तथा मनोवैज्ञानिकदेखि मानसिक रोगहरुका विभिन्न आयामहरुमा गरिएका भिन्दा-भिन्दै अध्ययनहरुका अनुसार युवा वर्गमा बढिरहेको तनाव अथवा इन्जाइटी पाचनसाग सम्बन्धी समस्याको सबैभन्दा ठूलो कारण मानिएको छ ।

शरीरमा हुने टक्सिन तथा फ्रिरेडिकल्स पनि यो समस्याको कारण बन्दछ । सही समयमा भोजन नगर्नु, राति अबेरसम्म काम गर्नु, जंक फूड धेरै खानु तथा रक्सी, चुरोट, पान मसाला, गुट्खा, खैनी आदि सेवन गर्ने व्यक्तिहरुलाई प्राय : पाचनसँग सम्बन्धित ग्यास, एसिडिटी तथा पेटमा भारीपना जस्ता समस्याहरु देखिन्छन् । राम्रो स्वास्थ्यका लागि पाचन प्रकृया चुस्त र दुरुस्त रहनु अति अनिवार्य छ ।

व्यायामको अभाव

अचेल बालबालिकाहरुमा समेत ग्यास्ट्रिक, उल्झन, पढाइमा एकाग्रताको कमी आदि समस्याहरु देखिन थालेका छन् । यसको कारण पनि उनीहरुको टिफिनमा फास्ट फूड अथवा जंक फुडको मात्रा बढी हुनु हो । आउटडोर गेम तथा व्यायामको अभावका कारण मोबाइल, सोसल मिडिया तथा टेलिभिजनमा गेम खेल्नाले बालबालिकाहरुको पाचन शक्तिमा नकारात्मक प्रभाव परेको छ । अव्यवस्थित जीवनशैली तथा स्वयंको स्वास्थ्यप्रति उपेक्षाका कारण विश्वकै आधाभन्दा बढी जनसंख्या, जसमा महिलाहरुको एउटा ठूलो वर्ग छ, यो समस्यासाग जुधिरहेको छ ।

आयुर्वेदले भनेअनुसारको आहार(विहार तथा केही प्रमुख औषधीहरुका साथै एन्टि-अक्सिडेन्टहरुले भरीपूर्ण वस्तुहरु नै यसको राम्रो विकल्प सावित हुन सक्छ ।

विषादी तथा कमिकलहरुको अत्यधिक उपयोगका कारण अन्नको पोषक तत्वहरुको गुणवत्ता पनि प्रभावित भैरहेको छ । त्यसैले आहारमा बोक्रा भएको दाल, हरिया पात भएका तरकारी, मैदाको साटो मिश्रति अन्न तथा चोकर भएको आटाको रोटी, पेय पदार्थको साटो दही, मोही, सुप तथा खाना खानुअघि सलादको सेवन उपयुक्त मानिन्छ ।

यसका साथै हरेक दिन कम्तिमा एउटा रेसादार फलको सेवनलाई पनि प्राथमिकता दिनु पर्छ । बिहान हल्का उम्लिएको पानीको सेवनले पेटलाई स्वस्थ राख्छ । बिहानको खाजा स्वस्थ जीवनशैलीको एउटा अभिन्न अंग हो, त्यसैले ब्रेकफास्ट नगर्नु पनि कतिपय रोगहरुलाई जन्म दिनु बराबर हो ।

भोजनसाग सम्बन्धित सुझाव

भोक नलागी खाना खानै हादैन । छोटो(छोटो समयको अन्तर ालमा केही न केही खानु पर्छ । लामो समयसम्म फ्रिजमा राखिएको खानालाई तुरुन्तै तताएर खानु हुँदैन । तारेका र भुटेका गरिष्ट खानेकुराहरु, अत्यधिक चिनीयुक्त खानेकुराहरु, कोल्ड ड्रिङ्क्स, मदिर ापानबाट जोगिनु पर्छ ।

तनावलाई टाढा भगाउनका लागि प्रसस्त मात्रामा नि्रा, प्राणायाम, योगा गर्नु पर्छ । सकारात्मक विचार राख्नाले पनि पाचन शक्ति राम्रो र हन्छ र ग्यास, अमिलो डकार, एसिडिटी, अपच जस्ता समस्याहरुमा र ाहत पुग्छ । केही आयुर्वेदिक औषधीहरुले पनि यस प्रकारको समस्यामा राहत प्रदान गर्छन् । ती औषधीहरुले शरीरको रोग प्रतिरोधक क्षमतामा वृद्धि गर्दछन् । यद्यपि, पाचन प्रकृयामा जटिल समस्या देखियो भने कुनै विशेषज्ञ चिकित्सकसाग परामर्श गरेर औषधि लिनु उचित हुन्छ ।


